आज मिति २०७८ साल चैत्र १४ गते सोमबार बिहान ८:०० बजे धवलागिरि गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसेको बैठकमा तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो।

उपस्थिति:-

| | |
|---|---|
| श्री थमसरा पुन | अध्यक्ष |
| श्री रेशम इन्त्याल | उपाध्यक्ष |
| श्री डुवल बहादुर इन्त्याल | वडा नं. १ अध्यक्ष |
| श्री राम प्रसाद बि.क. | वडा नं. २ अध्यक्ष |
| श्री पूर्ण पुन | वडा नं. ३ अध्यक्ष |
| श्री बेग बहादुर घर्ति | वडा नं ४ अध्यक्ष |
| श्री रवर्द कुमारी इन्त्याल | वडा नं. ५ अध्यक्ष |
| श्री राजाराम उपाध्याय | वडा नं. ६ अध्यक्ष |
| श्री कलानिधि शर्मा | वडा नं. ७ अध्यक्ष |
| श्री राम प्रसाद बि.क. | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद इन्त्याल | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री तील कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री कोनमाया घर्ति | कार्यपालिका सदस्य |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री रर्णबहादुर खत्री | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति:-

| | |
|---|---|
| श्री कृष्ण प्रसाद खराल | लेखा अधिकृत |
| श्री कमल प्रसाद ढकाल | शिक्षा अधिकृत |
| श्री श्यामराज सुवेदी | प्राविधिक सहायक (शिक्षा) |

थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१. शिक्षा नियमावली, २०७५ संशोधन सम्बन्धमा ।

२. धवलागिरि गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका स्वीकृत सम्बन्धमा ।

३. हवाइ उद्धारको खर्च व्यहोर्ने सम्बन्धमा ।

४. छन्त्याल संघलाई आर्थिक सहयोग सम्बन्धमा ।

५. अखिल नेपाल महिला संघलाई आर्थिक सहयोग सम्बन्धमा ।

६. SANGAM म्याग्दीलाई कार्यक्रम सञ्चालन गर्न अनुमति दिने सम्बन्धमा ।

७. कृषक सूचीकरणका लागि गणक कर्मचारी पदपूर्ति सम्बन्धमा ।

८. MIS Operator नियुक्ति सम्बन्धमा ।

९. कस्तुरी बहुउद्देश्यीय सहकारी संस्थालाई कार्यक्षेत्र विस्तारको अनुमति सम्बन्धमा ।

१०. नेपाल निजामती कर्मचारी संगठनलाई आर्थिक सहयोग सम्बन्धमा ।

११. धवलागिरि हिमाल आरोही पूर्णिमा श्रेष्ठलाई आर्थिक सहयोग सम्बन्धमा ।

१२. कार्यक्रम सहयोगीहरुको पारिश्रमिक वृद्धि सम्बन्धमा ।

१३. न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि.लाई सेवा केन्द्र राख्ने अनुमति सम्बन्धमा ।

१४. चिकित्सक पदपूर्ति सम्बन्धमा ।

१५. आयोजना तथा कार्यक्रम पेश गर्ने सम्बन्धमा ।

१६. विविध

निर्णय नं. १:-

प्रस्ताव नं.१ माथि व्यापक छलफल गर्दा "शिक्षा नियमावली, २०७५" को परिच्छेद २ को दफा १९ को उपदफा १, उपदफा २ र परिच्छेद १२ को विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था अन्तर्गत दफा ७१ को उपदफा ४ मा शिक्षा नियमावली पहिलो संशोधनद्वारा निम्नानुसार संशोधन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

क) परिच्छेद २ को दफा १९ को उपदफा १ मा "विद्यालयको कक्षा थप गर्न सकिने" लाई संशोधन गरी विद्यालयको कक्षा वा तह थप गर्न सकिने बनाउने ।

ख) परिच्छेद २ को दफा १९ को उपदफा २ मा "उपनियम १ बमोजिम निवेदन परेमा गाउँपालिकाको थप हुने कक्षाका लागि नियम ४ बमोजिमको पूर्वाधार पुरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शिक्षा शाखामा पठाइदिनेछ । शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पुरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेश गरी समितिको सिफारिस अनुसार गाउँ कार्यपालिकाले शैक्षिक सत्र सुरु हुन अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।" लाई संशोधन गरी उपनियम २ मा "उपनियम १ बमोजिम निवेदन परेमा गाउँपालिकाको थप हुने कक्षाका लागि नियम ४ बमोजिमको पूर्वाधार पुरा भए वा नभएको

०६८।१२।१४
पूर्णबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

थमसर। पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

सम्बन्धमा आवश्यक जाँचबुझ गर्न शिक्षा शाखामा पठाइदिनेछ । शिक्षा शाखाले स्थलगत जाँचबुझ गर्दा पूर्वाधार पुरा गरेको देखिएमा निर्णयको निमित्त शिक्षा समितिमा पेश गरी समितिको सिफारिस अनुसार गाउँसभाले शैक्षिक सत्र सुरु हुन अगावै कक्षा थप गर्न अनुमति दिन सक्नेछ" बनाउने ।

ग) परिच्छेद १२ मा विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था अन्तर्गत दफा ७१ को उपदफा ४ क) मा "माध्यमिक विद्यालयको लागि पचास लाख रुपैयाँ वा सो मूल्य बराबरको घर वा जग्गा" भएकोमा संशोधन गरी "माध्यमिक विद्यालयको लागि पैंतीस लाख रुपैयाँ वा सो मुल्य बराबरको घर वा जग्गा" बनाउने । त्यसै गरी दफा ७१ को उपदफा ४ ख) मा "आधारभुत विद्यालयको लागि पैंतीस लाख रुपैया वा सो मुल्य बराबरको घरजग्गा" भएकोमा संशोधन गरी "आधारभुत विद्यालयको लागि बीस लाख रुपैया वा सो मुल्य बराबरको घरजग्गा" बनाउने ।

**निर्णय नं २**

प्रस्ताव नं २ उपर छलफल गर्दा "धवलागिरि गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ उपर छलफल गर्दा जिल्ला म्याग्दी साविक ताकम गा.वि.स. वडा नं ५, हाल धवलागिरि गाउँपालिका वडा नं ७ निवासी देवी प्रसाद शर्माको नाती श्री पवि कुमार शर्मा साथै श्री नन्द कुमारी शर्माको छोरा वर्ष २२ को रुपेश भन्ने रवि प्रसाद शर्मा को मितिः २०७८/१२/०९ गतेका दिन धवलागिरि गाउँपालिका वडा नं ७ ताकम स्थित तितिमिति भिरखर्कको भिरमा घाँस काट्न जाँदा भिरबाट खसी स्पाइनल कर्डमा गम्भीर चोट लागेकोमा घटनास्थलबाट प्रभु हेलिकप्टर प्राइभेट लिमिटेडको हेलिकप्टर मार्फत मणिपाल शिक्षण अस्पताल पोखरासम्म भएको हवाइ उद्धार बापतको रकम रु. १,२०,०००/- (अक्षेरुपीः एक लाख बीस हजार रुपैयाँ) को भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ उपर छलफल गर्दा नेपाल छन्त्याल संघ केन्द्रीय कार्यालय, काठमाडौंको च.नं. ३०, मितिः २०७८/११/१९ को पत्रबाट २०७८ चैत्र २५ र २६ गते म्याग्दीको बेनी बजारमा सम्पन्न हुन गइरहेको महाधिवेशनमा आर्थिक सहयोगका लागि लेखी आएकोमा उक्त संस्थालाई रु. ५०,०००/- (अक्षेरुपीः पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

पूर्णबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

थमसर। पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

प्रस्ताव नं ५ उपर छलफल गर्दा नेपाल महिला संघको २०७९ जेठमा सम्पन्न हुन गइरहेको केन्द्रीय महाधिवेशनका लागि रु.३५,०००/- (पैंतीस हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

प्रस्ताव नं ६ उपर छलफल गर्दा Sustainable Approach on Natural Resource and Gender Awareness on Micro Enterprise (SANGAM) म्याग्दीको च.नं. २०६, मितिः २०७८/१२/११ को पत्रबाट "विगत ३ वर्षदेखि गर्ल्स फस्ट फण्डको आर्थिक सहयोगमा धवलागिरि गाउँपालिकाका २,३,४ र ७ (लुलाङ, मुना, मुदी, ताकम) गरी ४ वटा वडाहरुमा यस संस्थाबाट बाल विवाह न्यूनीकरण परियोजना कार्यक्रम सञ्चालन हुदै आइरहेको छ । आगामी २ वर्षका लागि त्यसै वडाहरुमा यस बाल विवाह न्यूनीकरण परियोजना सञ्चालन गर्नका लागि तहाँ कार्यालयबाट अनुमति दिनुहुन" भनी लेखी आएकोले उक्त संस्थालाई थप २ वर्षका लागि उल्लिखित वडाहरुमा बालविवाह न्यूनीकरण परियोजना सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ७**

प्रस्ताव नं ७ उपर छलफल गर्दा धवलागिरि गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत सशर्त कार्यक्रम अनुसार यस कार्यक्रममा किसान सूचीकरण र कृषि, पशु तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रमका लागि कायदिश दिएको १ महिनासम्म सूचीकरणको काम गर्न "किसान सूचीकरण सहजकर्ता (गणक)" पदमा करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

प्रस्ताव नं ८ उपर छलफल गर्दा यस धवलागिरी गाउँपालिकाको पञ्जीकरण शाखामा एम.आइ.एस अपरेटर पदमा कार्यरत धवलागिरि गाउँपालिका, वडा नं ३, मुना निवासी याम कुमारी पुन वैदेशिक रोजगारीका लागि जापान जान भनी मितिः २०७८/११/२६ मा राजिनामा दिनुभएको र हाल उक्त पद रिक्त भई कार्यालयको कामकाज प्रभावित भएकोले उपरोक्त पदमा करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

प्रस्ताव नं ९ उपर छलफल गर्दा कस्तुरी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बेनी, म्याग्दीको च.नं. ३७, मितिः २०७८/०८/१० को पत्रबाट "म्याग्दी जिल्ला बेनी नगरपालिका, वडा नं ७, संगमचोकमा कार्यालय रहेको र विगत २०६६ साल देखि बेनी नगरपालिका वडा नं २, ४, ५, ६, ७, ८ र ९ कार्यक्षेत्र बनाई सञ्चालनमा रहेको यस कस्तुरी बहुउद्देश्यीय सहकारी संस्था लि. बेनी म्याग्दीको वार्षिक ७० करोड भन्दा बढीको कारोबार गर्दै आइरहेको ब्यहोरा जानकारी गराउदै यस सहकारी संस्था, बेनी, म्याग्दीको २०७७ साल असोज २५ देखि देखि सुरु भई मितिः २०७७ साल कार्तिक २ गते सम्पन्न भएको यस संस्थाको

पूर्णबहादुर बनी
प्रमुख प्रशासकीय अधिकृत

थमसरः पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

वार्षिक साधारण सभाको निर्णय अनुसार यस संस्थाको कार्य क्षेत्र विस्तार गर्ने प्रस्ताव पास भएकाले त्यस गाउँपालिकामा कार्यक्षेत्र विस्तारको लागि अनुमति दिनुहुन" भनी लेखी आएकोले उक्त संस्थालाई यस गाउँपालिकामा कार्यक्षेत्र विस्तारको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रस्ताव नं १० उपर छलफल गर्दा नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्यसमिति, म्याग्दीको च.नं.१०, मितिः २०७८/११/१२ को पत्रबाट माग भई आएअनुसार उक्त संगठनको मितिः २०७८/११/२४ मा भएको जिल्ला अधिवेशन, २०७८/११/२८ र २९ मा भएको केन्द्रिय अधिवेशन तथा अन्य विविध कार्यक्रमका लागि नगद रु. १०,०००/- (दश हजार रुपैयाँ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११**

प्रस्ताव नं ११ उपर छलफल २०७८ साल असोज १५ गते यस धवलागिरि गाउँपालिका, वडा नं ४, मुदीमा अवस्थित नेपालकै छैटौं अग्लो हिमाल धवलागिरिको सफलतापूर्वक आरोहण गरेर पहिलो महिला आरोहीको कीर्तिमान बनाई धवलागिरि गाउँपालिका र धवलागिरि हिमालको देशविदेशमा प्रचारप्रसार गरेकी जिल्ला गोर्खा, आरुघाट स्थायी वतन भएकी हाल कारोबार आर्थिक दैनिकमा फोटोपत्रकारको रुपमा कार्यरत पूर्णिमा श्रेष्ठलाई नगद रु. ५०,०००/-(पचास हजार रुपैयाँ) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

प्रस्ताव नं १२ उपर छलफल गर्दा "सामुदायिक विकास परियोजना" सञ्चालनमा सहयोग गर्नका लागि "कार्यक्रम सहयोगी" पदमा कार्यरत कर्मचारीहरुको २०७९ बैशाख, जेठ र आषाढ महिनाको मासिक पारिश्रमिकमा जनही रु. २,०००/- (दुई हजार रुपैयाँ) का दरले वृद्धि गरिदिने निर्णय गरियो ।

**निर्णय नं १३**

प्रस्ताव नं १३ उपर छलफल गर्दा बेनी नगरपालिका, वडा नं ८ मा अवस्थित न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि. को च.नं. २०७८/०७९/३७५, मितिः २०७८/१२/१३ को पत्रबाट "न्यू धौलागिरि बचत तथा ऋण सहकारी संस्था लि. को धौलागिरि गाउँपालिका स्थायी ठेगाना भएका सदस्यहरुले आफ्नो शेयर, बचत, ऋण कारोबारको सहजता र सुगमताको लागि धौलागिरि गाउँपालिका-३ मा सदस्य सेवाकेन्द्र राख्न चाहेकोले धवलागिरि गाउँपालिका-३ मा सदस्य सेवाकेन्द्र राख्ने स्वीकृतिको लागि" भनी निवेदन प्राप्त भएकोले उक्त सहकारी संस्थालाई यस गाउँपालिका वडा नं ३ मा सदस्य सेवा केन्द्र राख्न अनुमति दिने निर्णय गरियो ।

२०७८/१२/१४
पूर्णबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरि गाउँपालिका

निर्णय नं १४

प्रस्ताव नं १४ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नं ७ मा अवस्थित ताकम (५ शैय्या) को अस्पतालमा विगत ३ महिनादेखि चिकित्सक पद रिक्त रहेकोले उक्त पदमा सेवा करारमा पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं १५

प्रस्ताव नं १५ सम्बन्धमा छलफल गर्दा प्रदेश सरकार, अर्थ मन्त्रालय, गण्डकी प्रदेश, पोखराको च.नं. ५२१, मितिः २०७८/१२/०१ को पत्रबाट आगामी आर्थिक वर्ष २०७९/०८० को अन्तरसरकारी वित्त हस्तान्तरण प्रयोजनार्थ समपूरक र विशेष अनुदानका तीन/तीन वटा आयोजना तथा कार्यक्रमको प्राथमिकता तोकी प्रस्ताव पेश गर्न लेखी आएकोले निम्नानुसार प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क. विशेष अनुदान तर्फका प्राथमिकताका आयोजना

| प्राथमिकता नं | आयोजनाको नाम | ठेगाना | माग गर्ने अनुदान रकम | जम्मा लागत |
|---|---|---|---|---|
| १. | स्वास्थ्य चौकी भवन निर्माण | धवलागिरि गा.पा.-वडा नं ४, मुदी | १ करोड | १ करोड |
| २. | बहुउद्देश्यीय सामुदायिक भवन निर्माण | धवलागिरि गा.पा.-वडा नं ६, मराङ | १ करोड | १ करोड |
| ३. | लुलाङ-गुर्जा मोटरबाटो निर्माण | धवलागिरि गा.पा. वडा नं १, २ | १ करोड | १ करोड |

ख. समपूरक अनुदान तर्फका प्राथमिकताका आयोजना

| प्राथमिकता नं | आयोजनाको नाम | ठेगाना | माग गर्ने अनुदान रकम | साझेदारी रकम | जम्मा लागत |
|---|---|---|---|---|---|
| १. | मुदी-खिबाङ मोटरबाटो निर्माण | धवलागिरि गा.पा.-वडा नं ४, मुदी | १ करोड | ६७ लाख | १ करोड ६७ लाख |
| २. | मराङ-खाम्ला-नेरबाङ-घुर्म मोटरबाटो निर्माण | धवलागिरि गा.पा.-वडा नं ६, ४, १ | १ करोड | ६७ लाख | १ करोड ६७ लाख |
| ३. | मराङ-मल्कबाङ-ठाडाखानी मोटरबाटो निर्माण | धवलागिरि गा.पा.-वडा नं ५,६ र रघुगंगा गा.पा.-६ | १ करोड | ६७ लाख | १ करोड ६७ लाख |

०७८/१२/१४
पूर्णबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

धनसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका

निर्णय नं १६

प्रस्ताव नं १६ उपर छलफल गर्दा यस धवलागिरि गाउँपालिकामा कार्यरत लेखा अधिकृत (छैटौं) कृष्ण प्रसाद खराल, शिक्षा अधिकृत(छैटौं) कमल प्रसाद ढकाल, इञ्जिनियर (छैटौं) सोविन घर्ती र प्रशासन सहायक(पाचौं) मनकेश बुढालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः २०७८/१२/१३ को निर्णयानुसार क्रमशः गलकोट नगरपालिका बाग्लुङ, बेनी नगरपालिका म्याग्दी, बाग्लुङ नगरपालिका, बाग्लुङ र सोरु गाउँपालिका, मुगुमा कामकाजका लागि खटाईएको र यति ठूलो संख्यामा कर्मचारीहरुलाई कामकाजका लागि अरु स्थानीय तहमा खटाइदा यस गाउँपालिका कार्यालयको दैनिक कामकाज नै ठप्प हुने भएकोले सम्बन्धित सेवा समूहका कर्मचारीहरु अबिलम्ब व्यवस्था गरिदिनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिँहदरबार काठमाण्डौं, महालेखा नियन्त्रक कार्यालय अनामनगर काठमाण्डौं, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा तथा कोष तथा लेखा नियन्त्रक कार्यालय, म्याग्दीमा लेखी पठाउने निर्णय गरियो।

पृथ्वीबहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका